आज मिति २०८३ साल बैशाख ३१ गते विहीबारका दिन दिउसो २:०० बजे यस नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको ४८ औ बैठक बस्यो।

तपसिल

| क.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थित |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थित |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थित |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थित |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्णहरी आर्चाय | उपस्थित |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बाल कृष्णपाते श्रेष्ठ | उपस्थित |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थित |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदाश प्रजापति | उपस्थित |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थित |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थित |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानुकाजी राजबहाक | उपस्थित |
| १२ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | उपस्थित |
| १३ | कार्यपालिका सदस्य | श्री सिता विश्वकर्मा | उपस्थित |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्रकर्मा | उपस्थित |
| १५ | कार्यपालिका सदस्य | श्री उजला थापा श्रेष्ठ | उपस्थित |
| १६ | कार्यपालिका सदस्य | श्री तुईल माया चक्रधर | उपस्थित |
| १७ | कार्यपालिका सदस्य | श्री सरोज परियार | उपस्थित |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | उपस्थित |
| १९ | कार्यपालिका सदस्य | श्री बालकृष्ण परियार | उपस्थित |
| २० | सचिव | श्री भोज राज घिमिरे | उपस्थित |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशब सिलवाल | उपस्थित |
| २ | महाशाखा प्रमुख | श्री ज्ञानेन्द्र प्रसाद भट्ट | उपस्थित |
| ३ | महाशाखा प्रमुख | श्री तुलशी भक्त तको | उपस्थित |
| ४ | ब.ई | श्री कृष्ण गोपाल श्रेष्ठ | उपस्थित |
| ५ | ब.ले.अ | श्री सुमित्रा पौडेल | उपस्थित |
| ६ | अ.छैठौ | श्री सुब्रिन कुमार चिमौरिया | उपस्थित |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

छलफलका विषयहरु
१.निलवाराही पहिरो नियन्त्रण स्थान परिवर्तन सम्बन्धमा ।
२.कार्यविधि संशोधन गर्ने सम्बन्धमा ।
३.जन आदर्श क्याम्पस निर्माणको VO स्वीकृति सम्वन्धमा ।
४.आयोजनको लागि वजेट स्वीकृति सम्वन्धमा ।
५.विविध

निर्णय नं. १. निलवाराही पहिरो नियन्त्रण स्थान परिवर्तन सम्बन्धमा ।

आर्थिक वर्ष २०८१/०८२ मा नीलबाराही मन्दिर परिसरको पूर्वमा रहेको पहिरो नियन्त्रण कार्य **NilbarahiChakrapathNirmantathaPahiroNiyentran Works, Ward No.-9, MTM/NCB/Works/12/081/082**गर्न निर्माण व्यवसायी संग ठेक्का सम्झौता भएकोमा प्राविधिक प्रतिवेदन तथा स्थानीयबासी, वन उपभोक्ता समितिको माग अनुसार नीलबाराही मन्दिर पश्चिम तर्फको पहिरोमा कार्य गर्नका लागी स्वीकृति दिने निर्णय गरियो ।

निर्णय २. कार्यविधि संशोधन गर्ने सम्बन्धमा ।

मध्यपुर थिमि नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ ( पहिलो संशोधन २०८०) मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

मध्यपुर थिमि नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ ( दोश्रो संशोधन २०८३)

प्रस्तावनाः

मध्यपुर थिमि नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ ( पहिलो संशोधन २०८०) मा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र परिभाषाः (१) यो कार्यविधिको नाम मध्यपुर थिमि नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ ( दोश्रो संशोधन २०८३) रहेको छ ।

(२) यो कार्यविधि मध्यपुर थिमि नगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

(३) मध्यपुर थिमि नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन २०८०) मा संशोधनः



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

(१) मध्यपुर थिमि नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन २०८०) को दफा ४, ५ र ६ को सट्टा देहाय बमोजिमको दफा ४, ५ र ६ कायम गरिएको छ ।

४. छनौट सम्बन्धी व्यवस्थाः दफा ३ बमोजिमका प्राविधिक कर्मचारी र नगर प्रहरी कार्यालयले करारमा राख्ने प्रयोजनको लागि छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) प्राविधिक कर्मचारीको अनुसूचि-१ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचनापाटी/वेभसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची-२ बमोजिमको ढाँचामा कम्तीमा ७ ( सात) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) आवेदन फारामको नमूना अनुसूची -३ बमोजिम हुनेछ। आवेदन दस्तुर अधिकृत स्तरको कर्मचारीको लागि रु. १०००। सहायक स्तर पाचौं तहको कर्मचारीको लागि रु. ७००। सहायक स्तर चौथो तहको लागि रु. ५०० र श्रेणी बिहिनका लागि रु.३००।

(३) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु तहगत पदको हकमा देहायको आधारमा दफा ५ को समितिले मूल्याङ्कन गरी छनौट गर्नुपर्नेछ :

क. लिखित परीक्षा : ४० (चालिस) अङ्क

| पूर्णाङ्क | उतिर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या × अङ्क भार | समय | कैफियत |
|---|---|---|---|---|---|
| ४० | १६ | वस्तुगत बहु वैकल्पिक | ४०×१= ४० | ३० मिनेट | वस्तुगत बहुवैकल्पिक प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । |

ख. शैक्षिक योग्यता बापत - २० (वीस) अङ्क

(विशिष्ट श्रेणी वापत २०(वीस) अङ्क, प्रथम श्रेणी वापत १८(अठ्ठार) अङ्क, द्बितीय श्रेणी वापत १६(सोह्र) अङ्क र तृतीय श्रेणी वापत १४ (चौध) अङ्क)

ग. स्थानीय बासिन्दालाई देहाय बमोजिम - १० (दश) अङ्क

१. मध्यपुर थिमि नगरपालिकाको बासिन्दा भएमा - १०(दश) अङ्क

२. भक्तपुर जिल्लाको बासिन्दा भएमा - ५(पाँच) अङ्क

३. अन्य जिल्लाको बासिन्दा भएमा - ०(शुन्य) अङ्क

घ. प्रयोगात्मक परीक्षा : १० (दश) अङ्क

ङ. अन्तवार्तामा अधिकतम २० अङ्क । यस अनुसार अङ्क प्रदान गर्दा न्युनतम ८ (आठ) र अधिकतम १४ (चौध) को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम आवेदन माग गर्दा प्राविधिक कार्यका लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) प्राप्त गरेका व्यक्तिले मात्र आवेदन दिन सक्नेछन् ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे प्रमुख प्रशासकीय अधिकृत

(५) लिखित परीक्षामा उत्तिर्ण उम्मेदवारलाई मात्र प्रयोगात्मक र अन्तरवार्ता परीक्षामा सहभागी गराइने छ।

(६) उम्मेदवारको योग्यता : उम्मेदवारको न्युनतम योग्यता देहाय बमोजिम हुनु पर्नेछ।

क. नगर प्रहरी निरीक्षकको लागिः

१ नेपाली नागरिक भएको

२ मान्यता प्राप्त शैक्षिक संस्थावाट स्नातक तह वा सो सरह उतीर्ण गरेको

३ नेपाल प्रहरी ,सशस्त्र प्रहरी बल वा नेपाली सेनामा एक तह मुनिको पदमा कम्तिमा ५ वर्ष कार्य अनुभव भई अवकाश प्राप्त गरी ४५ बर्ष उमेर ननाघेको

४ कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको .

५ मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाण पत्र

६ सम्बन्धित प्रहरी कार्यालयवाट जारी भएको चारीत्रिक प्रमाण पत्र

७ पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च ,छाती ३१ देखी ३३ , तौल ५० के.जी र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी भएको , आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको

ख. नगर प्रहरी सहायक निरीक्षकको लागिः

१ नेपाली नागरिक भएको

२ मान्यता प्राप्त शैक्षिक संस्थावाट प्रबिणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको

३ नेपाल प्रहरी ,सशस्त्र प्रहरी बल वा नेपाली सेनामा एक तह मुनिको पदमा कम्तिमा ५ वर्ष कार्य अनुभव भई अवकाश प्राप्त गरी ४५ बर्ष उमेर ननाघेको

४ कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको .

५ मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाण पत्र

६ सम्बन्धित प्रहरी कार्यालयवाट जारी भएको चारीत्रिक प्रमाण पत्र

७ पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च ,छाती ३१ देखी ३३ , तौल ५० के.जी र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ क.जी भएको , आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको

ग. नगर प्रहरी जवानको लागिः

१.नेपाली नागरिक भएको .

२. मान्यता प्राप्त शैक्षिक संस्थावाट कक्षा ८ वा तह सो सरह उत्तिर्ण गरेको

३. उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

४. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको .

५. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाण पत्र .

६ सम्बन्धित प्रहरी कार्यालयवाट जारी भएको चारीत्रिक प्रमाण पत्र

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे प्रमुख प्रशासकीय अधिकृत

७ पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च ,छाती ३१ देखी ३३ , तौल ५० के.जी र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ क.जी भएको , आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको

घ. प्राबिधिक कर्मचारीहरुको लागि :

१. उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

२. शैक्षिक योग्यता : लोकसेवा आयोगवाट तोकिए बमोजिम ।

५. पदपूर्ति समितिः माग पद संख्याका आधारमा कार्यविधिको दफा ४ बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेदवारलाई छनौट गर्न देहायको पदपूर्ति समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको महाशाखा प्रमुख - संयोजक

(ख) नगरपालिकाको अधिकृत स्तरको प्राविधिक कर्मचारी - सदस्य

(ग) नगरपालिकाको अधिकृत स्तरको कर्मचारी - सदस्य-सचिब

६. सफल उम्मेदवारको विवरण प्रकाशन गर्ने : (१) दफा ४ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु दफा ५ बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेदवारहरुको रोल नम्बर, नाम थर र ठेगाना आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसारको विवरण प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण प्रकाशन गर्दा आवश्यक पद संख्याको कम्तिमा २५ प्रतिशत वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ । तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार विवरण प्रकाशन गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नुपर्नेछ ।

(४). मूल कार्यविधि, २०७५ को दफा ७ को उपदफा (१) र (२) को सट्टा देहाय बमोजिमको उपदफा (१) र (२) कायम गरिएकोछ ।

(१) सफल उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई करार गर्न सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सफल उम्मेदवारसँग कार्यालयले अनुसूची -१ बमोजिमको कार्यविवरण सहित अनुसूची -४ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ ।उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

निर्णय नं ३. जन आदर्श क्याम्पस निर्माणको VO स्वीकृति सम्वन्धमा ।

जन आदर्श क्याम्पस भवन निर्माण कार्य **Construction of Jana Adarsha Campus Building, Ward No.-4, MTM/NCB/Works/15/080/081**को **Variation Order-2** प्राविधिक प्रतिवदेन अनुसार स्वीकृत गरी रु.७७,६४,०००.०० अक्षरुपी सत्तहतर लाख चौसट्ठी हजार मात्र ) भ्याट, पि.एस. र कन्टेन्जेन्सी सहित थप बजेट विनियोजन गर्ने निर्णय गरियो ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ४. आयोजनको लागि वजेट स्वीकृति सम्वन्धमा ।

देहाय बमोजिमका आयोजनको लागि वजेट स्वीकृति गर्ने निर्णय गरियो ।

तपसिल

क. आर्थिक वर्ष २०८२/०८३ मा संघीय सरकारको समपुरक अनुदान अन्तर्गत नीलबाराही क्षेत्रको पहिरो नियन्त्रण कार्य **NilbarahiChakrapathNirmantathaPahiroNiyentran Works, Ward No.-9** लाई बहुवर्षीय आयोजनाको रुपमा रु ८,३१,१८,०००.०० (अक्षरुपी आठ करोड एकतीस लाख अठार हजार रुपैंया मात्र ) बजेट सुनिश्चितता सहित खरिद प्रकृया अगाडी बढाउनको लागि स्वीकृत दिने निर्णय गरियो ।

ख .आर्थिक वर्ष २०८२/०८३ मा यस नगरपालिकाको वडा नं ६ स्थित बासुकी खाजा घरबाट सिद्दिकाली जाने बाटो सुधार योजनामा रु तीस लाख विनियोजन भएकोमा प्राविधिक लागत अनुमान रु १,०६,८४,६४२.११ अक्षरुपी एक करोड छ लाख चौरासी हजार छ सय बयालिस रुपैंया एघार पैसा मात्रको पेश भएकोले थप रकम रु ७६,८५,०००.०० (अक्षरुपी छयहत्तर लाख पचासी हजार रुपैंया मात्र) बजेट सुनिश्चितता सहित बहुवर्षीय आयोजनाको रुपमा खरिद प्रक्रिया अगाडी बढाउनको लागि स्वीकृत दिने निर्णय गरियो ।

निर्णय नं ५. थप बजेट विनियोजन सम्बन्धमा ।

आर्थिक वर्ष २०८२/०८३ मा यस नगरपालिकाको वडा नं २ स्थित सानोठिमी सामुदायिक भवन निर्माण पूर्णता योजनामा रु बीस लाख विनियोजन भएकोमा सो भवन यस आ. व. सम्पन्न गर्न प्राविधिक लागत अनुमान रु २८,६७,६६२.९३ अक्षरुपी अठाईस लाख सरसठ्ठी हजार छ सय बैसठ्ठी रुपैंया त्रियानब्बे पैसा मात्र जनसहभागिता बाहेक पेश भएकोले थप रकम रु ८,६८,०००.०० (अक्षरुपी आठ लाख अरसठ्ठी हजार रुपैंया मात्र) धुन्चो मधु चोक राजकुलो हुदै कुस्चोक मगर गाउ सडक शीर्षकबाट रु.७,२५,०००/- र सिन्टिटार चुलुचा मार्ग शीर्षकबाट रु.१,४३,००० /- रकमान्तर गरी थप बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ६. थप बजेट विनियोजन सम्बन्धमा ।

आर्थिक वर्ष २०८२/०८३ मा यस नगरपालिकाको वडा नं ५ स्थित शान्ति योग सुधार योजनामा रु पाँच लाख विनियोजन भएकोमा सो योजना यस आ. व. सम्पन्न गर्न प्राविधिक लागत अनुमान रु ८,९७,९५५.०३ अक्षरुपी आठ लाख सन्तानब्बे हजार नौ सय पचपन्न रुपैंया तीन पैसा मात्र जनसहभागिता बाहेक पेश भएकोले थप रकम रु ४,००,०००.०० (अक्षरुपी चार लाख रुपैंया मात्र) ढल निर्माण र ढुंगा छपाई शीर्षकबाट रु. २,५०,०००/-र थिमिला मार्गबाट रु. १,५०,०००/- शीर्षकबाट रकमान्तर गरी थप बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय ७. दररेट समावेश गर्ने सम्बन्धमा ।

चालु आ. व. मा नगरपालिकाको दररेटमा निम्न सामाग्रीहरुको दररेट समावेश गर्ने निर्णय गरियो ।

तपसिल

| S.N | Item | Quantity | Unit | Unit Rate Without VAT | Remarks |
|---|---|---|---|---|---|



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

| S.N | Item | Quantity | Unit | Unit Rate Without VAT | Remarks |
|---|---|---|---|---|---|
| 1 | Ceramic Jhumar | 1 | Pcs | 1060.00 | |
| 2 | 23/60 wire | 1 | Roll | 2010.00 | |
| 3 | PVC Tape | 1 | Pcs | 25.00 | |
| 4 | 7 watt LED Bulb Warm | 1 | Pcs | 200.00 | |
| 5 | Penden holder | 1 | Pcs | 35.00 | |
| 6 | Metal stand | 1 | Pcs | 200.00 | |
| 7 | 10mm Wire | 1 | Mtr | 42.00 | |
| 8 | 6 mm cable clip | 1 | Pkt | 100.00 | |
| 9 | 100 mm Cable Tie | 1 | Pcs | 200.00 | |
| 10 | 4*4 Joint Box | 1 | Pcs | 50.00 | |
| 11 | 1.5 DL Nill | 1 | Kg | 500.00 | |
| 12 | Sensor 10Amp | 1 | Pcs | 500.00 | |
| 13 | ढुङ्गाको थाम ४ ईन्च*४ ईन्च*३६ ईन्च | 1 | no | 8750.00 | |
| 14 | ढुङ्गाको दलु वेस ४ ईन्च*४ ईन्च | 1 | feet | 6000.00 | |

निर्णय ८. स्वास्थ्य संस्था दर्ता सम्वन्धमा ।

यस नगरपालिका क्षेत्रको आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने गरी सरकारी, निजी, सामुदायिक, गैर सरकारी वा सरकारी स्तरमा स्थापना हुने स्वास्थ्य संस्थाहरुको सेवा विस्तार, स्तरवृद्धि, स्वास्थ्य सेवा संचालन लगायतको प्रक्रियाहरुको नियमन तथा अनुगमन गरी नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने उदेश्यले स्वास्थ्य संस्था दर्ता अनुमति माग भएका देहाय बमोजिमका स्वास्थ्य संस्थाहरुलाई "मध्यपुर थिमि नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्वन्धी निर्देशिका, २०८१" बमोजिम गठित पूर्वाधार, स्थायी एवं स्तरोन्नती स्वीकृतिको प्रयोजनको लागि गठित अनुगमन समितिको मिति २०८२ पुष १५ गतेको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड वमोजिम पुरा भएकोले स्वीकृत दिन मिल्ने भन्ने सिफारिस समेतको आधारमा उक्त संस्थाहरुलाई नेपाल सरकारको जनस्वास्थ्य सेवा नियमावली २०७७ बमोजिम यस नगरपालिकाको स्वास्थ्य ऐन २०७९, स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्वन्धी निर्देशिका २०८१ र प्रचलित कानुनको अधिनमा रही संचालन गर्न अनुमति दिने निर्णय गरियो।

तपसिल

१. एस.एस.क्लिनिक प्रा.लि.म.थि.न.पा.३, गट्ठाघर



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

२. नारान हेल्थ केयर प्रा.लि.म.थि.न.पा. ७, धुन्चेपाखा

निर्णय ९. निःशुल्क रगत वितरणको रकम भुक्तानी सम्वन्धमा ।

मध्यपुर थिमि नगरपालिकाका बासिन्दाहरुलाई प्राथमिकताको आधारमा निःशुल्क रगत तथा रक्त तत्व वितरणको लागि नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखा र मध्यपुर थिमि नगरपालिका वीच २०७९ श्रावण ४ गतेदेखि हाल सम्म सम्झौता भई नियमित रुपमा रगत वितरण गरेको विल भर्पाईको आधारमा सोध भर्ना रकम उपलव्ध गराउदै आइरहेको छ । साथै मध्यपुर थिमि नगरपालिकावाट सञ्चालित नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा पनि रक्त संचार केन्द्र स्थापना भई निःशुल्क रगत तथा रक्त तत्व स्थानीय वासिन्दाहरुलाई वितरण गरी सोधभर्ना रकम माग भई आएकोले अस्पतालले निर्धारण गरेको दररेट अनुसार ७७ जनालाई ११८ पिन्ट रगतको जम्मा रकम रु १४७५००।००(एक लाख सत चालिस हजार पाच सय मात्र) निः शुल्क रगत वितरण शिर्षकवाट भुक्तानी दिने तथा सो कार्य निरन्तरता दिने निर्णय गरियो ।

निर्णय १० : पहिरो नियन्त्रण सम्बन्धमा ।

चालु आ.बको ९ नं वडाको निलवाराही परिसर सुधार तथा पिकनिक स्पट निर्माण शिर्षकमा विनियोजित वजेट रु.५० लाख बाट सोही वडा नं ९ निलवाराही स्थित सामुदयिक भवनको दायाँ तर्फ खहरे ब्यबस्थापन तथा पहिरो नियन्त्रण लागि ढुंगाको रिटेनिङ्गवाल निर्माण गर्न स्वीकृति दिने निर्णय गरियो।

निर्णय ११: वजेट नीति तथा कार्यक्रम तयारी समिति गठन सम्बन्धमा ।

नगर सभाको १४ औ अधिवेशनमा पेश गर्नका लागि आ.ब २०८३।२०८४ को वजेट नीति तथा कार्यक्रम को तयारीका लागि देहाय बमोजिमका तयारी समिति गठन गर्ने निर्णय गरीयो ।

तपसिल

संयोजक :प्रमुख प्रशासकीय अधिकृत भोज राज घिमिरे
सदस्य : ब.का.अ.महाशाखा प्रमुख केशब सिलवाल
सदस्यः ब.अ.महाशाखा प्रमुख ज्ञानेन्द्र प्रसाद भट्ट
सदस्यः ब.अ.महाशाखा प्रमुख तुल्सी भक्त तको
सदस्य : ब.ई.कृष्ण गोपाल श्रेष्ठ
सदस्य : सदस्य-सचिव ब.ले.अ.सुमित्रा पौडेल

निर्णय १२.

श्री इन्टिच्यूट अफ इन्जिनियरिङ कन्सलटेन्सी सर्भिसेस, पुल्चोक, ललितपुरको म्याद थप सम्बन्धमा ।

यस नगरपालिका वडा नं ९ स्थित शुभ श्री जगदम्बा डेभ्लपर्स प्रा.लि. को हाल परिवर्तित नाम सौरभ बिजनेस सेन्टर प्रा.लि.बाट निर्माण गरेको १४ तल्लाको अर्पाटमेण्ट भवनको नक्शा पास सन्दर्भमा यस नगरपालिका र श्री इन्टिच्यूट अफ



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

इन्जिनियरिङ कन्सलटेन्सी सर्भिसेस, पुल्चोक, ललितपुर वीच सो भवनको हालको अवस्था, प्रचलित मापदण्ड, साबिकको कानुन तथा मापदण्ड लगायत प्राविधिक परिक्षण र कानुनी पक्षको समेत अध्ययन गरी प्रतिवेदन पेस गर्न मिति २०८२/०२/१३ मा सम्झौता भएकोमा कार्यको जटिलतालाई मध्यनजर गर्दै सम्झौता बमोजिम समयमै कार्य सम्पन्न गर्न नसकिने र बाकी कार्य सम्पन्न गर्न **Key Experts review** को लागी समेत थप समय लाग्ने भएकोले म्याद थपको लागी २०८२/०६/२२ को पत्रबाट माग भएकोले २०८३/३/१२ सम्म म्याद थप्ने गरी मिति २०८२/०६/२८ मा भएको नगरप्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

निर्णय १३ : बिद्यालय सञ्चालन सम्बन्धमा ।

यस नगरपालिका वडा नं १ स्थित मनोहरा किनारमा रहेको सरस्वती आधारभूत विद्यालय भवन नेपाल सरकारबाट त्यहाँको जोखिमयुक्त वस्ती खाली गराउने क्रममा भत्काउदा बिद्यालय विस्थापित भएकोले सो बिद्यालय सञ्चालनका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो ।

तपसिल

क. सरस्वती आधारभूत विद्यालयलाई अर्को व्यवस्था नहुन्जेलसम्म सोही वडाको सामुदायिक भवनमा सञ्चालन गर्ने निर्णय गरियो।
ख. आगामी आ.व २०८३/०८४ बाट बिद्यालय सञ्चालनका लागि आवश्यक पर्ने भवन भाडामा लिन पर्ने भएमा सोको लागि घर भाडामा लिन स्वीकृति दिने।
ग. बिद्यालय भवन स्थायीरुपमा निर्माण गर्नेको लागि मनोहरा जग्गा एकीकरण आयोजनासँग जग्गा उपलब्ध गराउन अनुरोध गर्ने ।

निर्णय नं १४. लेखा परीक्षण सम्बन्धमा ।

यस नगरपालिकाको आ.व २०८१/२०८२ को लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरियो ।

निर्णय नं १५ . आय व्यय विवरण सम्बन्धमा ।

चालु आ.ब २०८२।२०८३ को चैत्र मसान्त सम्मको आय व्ययको विवरण उपर छलफल गरियो ।

निर्णय नं १६ . ठेक्का फरफारक सम्बन्धमा ।

यस नगरपालिका वडा नं १ को वडा कार्यालय भवन निर्माण कार्य **Construction of Ward no 1 Building, YO/29/2076/077** को म्याद अन्तिम पटकको लागी मिति २०८३/०२/३० गते सम्म थप गरि ठेक्का फरफारक गर्ने निर्णय गरियो।

निर्णय नं १७ . निलवाराही पहिरो नियन्त्रण गर्न माटो माग गर्ने सम्बन्धमा ।

मध्यपुर थिमि नगरपालिका वडा नं ९ स्थित ऐतिहासिक निलवाराही मन्दिर को वन क्षेत्र भुक्षय भई मन्दिर परिसर र वनक्षेत्र जोखिममा रहेकोले नेपाल सरकार, यस नगरपालिकाबाट वजेट विनियोजन गरी कार्य भई रहेको हुँदा नेपाली सेना कल्याणकारी



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज घिमिरे प्रमुख प्रशासकीय अधिकृत

कोषको नाँउमा रहेको चाँगु नारायण नगरपालिका वडा नं १ स्थित ढिस्कोबाट माटो उपलब्ध गराउन नेपाली सेनासँग अनुरोध गर्ने निर्णय गरीयो ।

निर्णय नं १७ . सेरामिक्स सडक वत्ति सम्बन्धमा ।

यस नगरपालिका क्षेत्रभित्र सेरामिक्स सडक वत्तिको माग भई आएकोले सोका लागि रु.७,५०,०००( सात लाख पचास हजार मात्र) क्याकुता शीर्षकबाट रकमान्तर गरी थप बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १८ . ग्राभेल सम्बन्धमा ।

यस नगरपालिका क्षेत्रभित्रका विभिन्न सडक बाटोहरुको लागि ग्राभेल माग भई आएकोले सोका लागि रु.१०,००,००० (दश लाख मात्र) सडक तथा पुर्वाधार मर्मत शीर्षकबाट रकमान्तर गरी थप बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १९ . केन्द्रिकृत भान्छाघर सम्बन्धमा ।

यस नगरपालिका समेतबाट सञ्चालित केन्द्रीकृत भान्छाघर सञ्चालन गर्न कार्यालय व्यवस्थापनका लाई रु.१५ लाख आवश्यक परेकोले देहाय बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

घट

तछुटोल परिषर सुधार रु.८,००,०००।-
वालकुमारी मन्दिर बनाउने परिषर सुधार रु. ७,००,०००।-

बढ

केन्द्रीकृत भान्छाघर फर्निचर व्यवस्थापन रु.७,००,०००।-
केन्द्रीकृत भान्छाघर कम्प्युटर तथा मेशिनरी खरिद रु. ८,००,०००।-

निर्णय नं २० . पाटी ढुंगेधारा निर्माण सम्वन्धमा ।

यस नगरपालिका वडा नं १ लोहकिन्थली कवे टोल स्थित सिद्धिकाली मन्दिर अगाडी पाटी र ढुंगेधारा निर्माण कार्य शिर्षकमा रु.५,००००० । वजेट थप गर्नका लागि सिद्धिगणेश मन्दिर परिषर शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत